गौरीगङ्गा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चौमाला, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं४१८०५९-०९१: ., ४१८०६०
वेवसाइट:www.gaurigangamun.gov.np
ई : -info.gaurigangamun@gmail.com

बोलपत्र पुस्तिका

(आन्तरिक श्रोत उठाउने ठेक्का व्यवस्थापन सम्बन्धी)

आर्थिक वर्षः-२०८३/०८४

ठेक्काको नामः चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४ प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन.

ठेक्का नं :GGM/NCB//IR02/2083/084

सूचना प्रकाशन मितिः २०८३/०८/०४

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

पत्र संख्या : ०८३ /०८४
चलानी नं. :

फोन नं४१८०७९-०९१: ., ४१८०६०
वेवसाइट:www.gaurigangamun.gov.np
ई : -info.gaurigangamun@gmail.com

प्रमुख प्रशासकिय अधिकृत

आन्तरिक आय (नदिजन्य पदार्थ बिक्रि वितरण) ठेक्का सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति -२०८३/०८/०४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE), सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०८३ तथा सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएका व्यवस्थाबमोजिम यस कार्यालयको आन्तरिक आय सङ्कलन गर्ने प्रयोजनका लागि देहायमा उल्लेखित स्थानहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदि) को उत्खनन, सङ्कलन तथा निकासी गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक तथा योग्य फर्महरूबाट रीतपूर्वक सिलबन्दी बोलपत्र (Hard Copy) वा विद्युतीय बोलपत्र (e-GP) मार्फत आह्वान गरिएको छ। इच्छुक फर्महरूले यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको पोर्टल www.bolpatra.gov.np/egp मार्फत वा यस कार्यालयमा हार्डकपी (Hard Copy) सिलबन्दी गरी पेस गर्न सकिनेछ। बोलपत्रदाताहरूले विद्युतीय माध्यम वा हार्डकपी (Hard Copy) मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेस गर्नुपर्नेछ।

तपसिलः

ठेक्का नं.	ठेक्काको नाम	दिगोरूपमा सङ्कलन गर्न मिल्ने परिमाण (घ.मि.)	न्यूनतम बोलकबोल अंक रु. (भ्याट बाहेक)	धरौटी रकम रु.	दरभाउपत्र दस्तुर रु.
GGM/NCB/IR01/2083/084	गौरीगंगा नगरपालिका शिवगंगा नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा , भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	२२,२४४.६ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ४७,१३,४०८.२९/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-
GGM/NCB/IR02/2083/084	गौरीगंगा नगरपालिका चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४ बाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा , भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	३३८०४.४ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ७१,६२,८१४.३२/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-
GGM/NCB/IR03/2083/084	गौरीगंगा नगरपालिका अण्डैया खोला, लिक्मा/ मटकौना नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	१९४७१.९ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ४१,२५,९००.८९/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-
GGM/NCB/IR04/2083/084	गौरीगंगा नगरपालिका कान्द्रा नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	२७४०५.२ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ५८,०६,८८७.८३/-	कबोल अंक (मु.अ.क. सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम	३०००/-

बिस्तृत जानकारीका लागी www.bolpatra.gov.np/egp र https://gaurigangamun.gov.np मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

भक्तराज जोशी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

१. ठेक्काका शर्तहरु

क) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत एन.आई.सी.एसिया बैंक, चौमाला शाखा कार्यालयमा रहेको यस कार्यालयको **आन्तरिक राजस्व खाता नं. ०७१-२०५००-२८०६-२००२** मा नगद जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले **२२ औं दिनको** १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको **विद्युतीय खरिद प्रणालीको पोर्टल** www.bolpatra.gov.np/egp **मार्फत वा यस कार्यालयमा हार्डकपी (Hard Copy) सिलबन्दी** गरी पेस गर्न सकिनेछ। बोलपत्रदाताहरूले **विद्युतीय माध्यम वा हार्डकपी (Hard Copy) मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेस** गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

ख) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको एन.आई.सी.एशिया बैंक, चौमाला शाखा कार्यालयमा रहेको **धरौटी खाता नं. ७१CA५००९८२५२४००४** मा नगदै जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिनदेखि १२०(एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

ग) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तोकिएको म्याद भित्र दर्ता गर्नुपर्नेछ ।

घ) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

ङ) म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

च) बोलपत्र स्वीकृत भई सोको सूचना प्राप्त भएको वा घरदैलोमा सूचना टाँस गरिएको मितिले **७ (सात) दिन** भित्र बोलपत्रदाताले **मूल्य अभिवृद्धि कर (मू.अ.कर) दर्ता प्रमाणपत्र** समेत संलग्न गरी, **कबोल रकममा लाग्ने सम्पूर्ण कर रकम** र **कबोल रकमको २० प्रतिशत (२०%)** तत्काल यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। बाँकी **८० प्रतिशत (८०%)** कबोल रकमको ग्यारेन्टीको रूपमा, **नेपाल राष्ट्र बैंकबाट स्वीकृत 'क÷ वर्गको वाणिज्य बैंक** मार्फत यस कार्यालयको नाममा **२०८३ साल आषाढ मसान्तसम्म** वैध रहने गरी जारी गरिएको **बैंक जमानतपत्र (Performance Bond)** पेश गर्नुपर्नेछ। उक्त जमानतबाट व्यहोरिने गरी बाँकी रकम **दुई किस्तामा** दाखिला गर्नुपर्नेछ, जसअनुसार **पहिलो ४० प्रतिशत रकम चालु आर्थिक वर्षको फागुन मसान्तभित्र** र **दोस्रो ४० प्रतिशत रकम चालु आर्थिक वर्षको जेठ मसान्तभित्र** बुझाउनुपर्नेछ। साथै, **नियमानुसार नेपाल सरकारलाई लाग्ने आयकर बोलपत्रदाताले छुट्टै रूपमा दाखिला गर्नुपर्नेछ।**

छ) ठेक्का अवधी सम्झौता भएका मितिदेखि २०८४ सालको ज्येष्ठ मसान्तसम्म हुनेछ ।

ज) ठेकेदारले नेपाल सरकार तथा गौरीगंगा नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

झ) ठेक्का रकमको भुक्तानी तालिका देहायअनुसार हुनेछ :

किस्ता	किस्ता बुझाउनुपर्ने मिति	रकम
पहिलो	सम्झौता हुँदाका बखत	कबोल अंकको २०% ले हुन आउने रकम तथा सो को मू.अ.कर समेत
दोश्रो	२०८३ साल फागुन मसान्तभित्र	कबोल अंकको ४०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत
तेश्रो	२०८४ साल जेष्ठ मसान्तभित्र	कबोल अंकको ४०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत

ञ) तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असूल उपर गरिनेछ ।

ट) नेपाल सरकारले विक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस गौरीगंगा नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्यपदार्थ उत्खनन/संकलन गरे वापत नगरपालिकाको नदीजन्यपदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । नगरपालिका आफैले सञ्चालन गर्ने आयोजनाका लागि आफ्ना स्वमित्वका सवारी साधनहरु प्रयोग गरी आवश्यक पर्ने नदीजन्य पदार्थ उत्खनन, संकलन, ढुवानी गरेको हकमा नियमानुसार राजश्व शुल्क लाग्नेछ। कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

ठ) नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ।

ड) यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनकालागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

ढ) IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार गौरीगंगा नगरपालिकामा सुरक्षित रहनेछ ।

ण) यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन/नियम/सुदुरपस्चिम प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ ।

२. बोलपत्रदाताको योग्यता

गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिमका योग्यता हुनु पर्नेछ ।

क) बोलपत्रदाता नेपालको प्रचलित कानुन वमोजिम दर्ता भएको फर्म हुनुपर्नेछ ।

ख) गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कुनै किसिमको चल अचल वक्यौता नभएको हुनु पर्नेछ ।

ग) कालोसुचिमा नपरेको हुनु पर्नेछ ।

घ) प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भएको, मू.अ.करमा दर्ता भएको, कर चुक्तागरेको हुनु पर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

३. बोलपत्र पेश गर्ने तरिका

गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक श्रोत उठाउने ठेक्काका लागि देहाय वमोजिम बोलपत्र पेश गर्नु पर्नेछ ।

क) यस ठेक्का सम्बन्धि सूचनामा तोकिए वमोजिमको बोलपत्र दस्तुर बुझाई बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र पुस्तिका राम्रो सँग अध्ययन गरि सम्बन्धित ठेक्काको विषयमा आवश्यक स्थलगत अध्ययन गर्ने कार्य बोलपत्रदाता स्वयमले गर्नु पर्नेछ ।

ख) यस ठेक्का सम्बन्धि सूचनामा उल्लेखित भए वमोजिमको धरौटी रकम नगद वा सो वरावरको बैंक जमानतको सक्कल प्रति र माग गरेका कागजातको प्रमाणित प्रतिलिपि बोलपत्र साथ संलग्न राखि बोलपत्र पुस्तिका भरी अधिकार प्राप्त व्यक्तिको दस्तखत सहि छाप गरि सम्बन्धित ठेक्काको नाम र ठेक्का नम्बर सहित उल्लेख गरि सिलवन्दि बोलपत्र निर्धारित म्याद भित्र गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई सम्वोधन गरि दाखिला गर्नु पर्नेछ ।

ग) यसका साथै बोलपत्र खरिद तथा दर्ता सम्बन्धि कार्य सार्वजनिक खरिद अनुगमन कार्यालयको **विद्युतीय खरिद प्रणालीको पोर्टल www.bolpatra.gov.np/egp मार्फत वा यस कार्यालयमा हार्डकपी (Hard Copy) सिलबन्दी** गरी पेस गर्न सकिनेछ। बोलपत्रदाताहरूले विद्युतीय माध्यम वा हार्डकपी (Hard Copy) मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेस गर्न सकिनेछ ।

४. बोलपत्र खोल्ने प्रकृया

नियमानुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु देहाय वमोजिम प्रकृयामा खोलिने छ ।

क) बोलपत्र खोल्ने मिति, समय र स्थान यस ठेक्का सम्बन्धि सूचनामा उल्लेख भए वमोजिम हुनेछ ।

ख) दर्ता भएका बोलपत्रहरु सूचनामा उल्लेख भए वमोजिम बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रको मूल्याङ्कन

बोलपत्र खोली सकेपछी रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको मूल्याङकन देहाय वमोजिम हुनेछ ।

क) बोलपत्र मूल्याङ्कन गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन ,२०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले व्यवस्था गरे वमोजिम गरिनेछ।

ख) योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभुत रुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको तुलनात्मक तालिका बनाई बोलपत्र साथ पेश भएका कागजातहरुको अध्ययन गरिनेछ।

ग) योग्यता तथा पूर्णता परीक्षणमा सफल भई सारभूत रूपमा प्रतिस्पर्धी ठहरिएका, तथा **न्यूनतम ठेक्का अंकभन्दा उच्चतम रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत** गर्ने प्रक्रिया अघि बढाइनेछ।

प्रमुख प्रशासकिय अधिकृत

६. बोलपत्रको स्विकृति

बोलपत्रको स्विकृति देहाय वमोजिम गरिनेछ ।

क) पेश भएका बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

ख) बोलपत्र मूल्याङकन समितबाट योग्यता तथा पूर्णता परिक्षणमा सफल भएका सारभूतरुपमा प्रभाहग्राही तथा न्यूनतम ठेक्का अंक भन्दा सबै भन्दा वढी रकम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र स्विकृत गरिनेछ ।

ग) ठेक्का स्विकृत भएको ७ दिन भित्र सूचनामा उल्लेखित नियमानुसारको धरौटी रकम नगद वा जमानत लिई सम्झौता गर्न सम्बन्धित बोलपत्रदाता लाई गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट सूचित गरिनेछ ।

७. बोलपत्र जमानत वा धरौटी जफत

गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाट ठेक्का स्विकृत भएको सूचना प्राप्त भएपछि बोलपत्रदाताले बोलपत्र सूचनामा उल्लेख भए वमोजिमको आबश्यक बैंक जमानत वा धरौटी तथा नगद रकम जम्मा गरेको प्रमाण साथमा लिई तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न बोलपत्रदाताको कार्यलयमा उपस्थित हुनु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न बोलपत्रदाता उपस्थित नभएमा निजको बोलपत्र जमानत जफत गरी त्यसपछिको दोस्रो बढी कवोल गर्ने बोलपत्रदाताकोबोलपत्र स्विकृत गर्ने प्रकृया कार्यालयले अगाडी बढाउने छ ।

८. <u>सम्झौता र कार्यदेश</u>

सम्झौता र कार्यदिश देहाय वमोजिम हुनेछ ।

क) सम्झौता भएपश्चात ठेक्का सञ्चालन गर्न पाउने दर रेटको विवरण उल्लेख गरि ठेक्का सञ्चालनका लागि ठेकेदारलाई कार्यालयले कार्यदिश दिनेछ ।

ख) ठेकेदारले ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि ठेक्का सञ्चालन गर्नु गराउनु पर्नेछ ।

ग) कार्यालय र ठेकेदार विच भएको सम्झौता वमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौताअन्त्य गर्न सक्ने छ ।

९. <u>ठेकेदारले पालना गर्नु पर्ने नियमहरु र आचरण</u>

क) ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्री शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

ख) यस नगरकार्यपालिकाको कार्यालयले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ ।कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

ग) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदीजन्यपदार्थको बिक्री शुल्क संकलन गर्न पाईने छैन ।

घ) ठेकेदारले नगरपालिकाले तोकेको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

ङ) गौरीगंगा नगरपालिका कार्यालय, संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE भएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, आदी संकलन/उत्खनन गर्नुपर्नेछ र सो बाहेकको अन्य क्षेत्रमा उत्खनन गरेको पाइए सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गरिनेछ ।

च) ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी झिक्नु पर्ने घाटगद्दी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ ।

छ) नदीको किनारबाट भु-क्षय हुने गरी, डिल भिर भित्तो खन्न, खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधानहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ ।

ज) प्राकृतिक स्रोतको उत्खनन, संकलन तथा ढुवानी गर्दा वातावरणीय परिक्षण प्रतिवेदनले तोके वमोजिमको परिमाण र स्थानबाट मात्र गर्नु पर्ने । राजमार्गको ५०० मिटर भित्रको नदी, सडक पुल तथा झोलुंगे पुलको एक किलोमिटर तल र पाँच सय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पाईने छैन ।

झ) नदी, खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिनुपर्ने छ । नगरपालिकाको अनुमती नलिई ठुला मशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन ।

ञ) भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, आदी छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

ट) ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

ठ) ठेकेदारले कामदारहरुकालागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

ड) ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

ढ) ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खन्न हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ ।

ण) विहान सुर्योदयभन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

त) खोला र नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

थ) ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानितव्यवहार गर्नु पर्नेछ कार्यालय र ठेकेदार विच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए नगरेमा कार्यालयले ठेक्का सम्झौता अन्त्य गर्न सक्ने छ ।

द) ढुंगा गिट्टी बालुवा उत्खान्न तथा बिक्रि व्यवस्थापन सम्बन्धि कानुनमा तोकिएको मापदण्ड बामोजिम दैनिक अभिलेख राख्नु पर्नेछ।

ध) ठेक्का सम्बन्धित पत्राचार तथा अन्य कारवाही शिष्ट, सम्मानित एवम मार्यादित भाषामा गर्नु पर्नेछ ।

न) सार्वजनिक सम्पतिको संरक्षण गर्ने तथा शान्ति सद्भाव कायम गर्ने दायित्व बहन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

१०. आकस्मिक अवरोध व्यवस्थापन

कुनै कारणवस विशेष अवस्था सिर्जना भई काबु बाहिरको परिस्थितिले आकस्मिक रुपमा ठेक्का सञ्चालनमा अवरोध भएमा ठेकेदारले त्यसको सूचना तुरन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाई मार्का नपर्ने गरि दुवै पक्षको प्रयासबाट त्यस्तो अवरोधको व्यवस्थापन गर्नु पर्नेछ।

११. विवाद व्यवस्थापन

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा नगर कार्यपालिकाको वैठकको निर्णय बाट विवादको व्यवस्थापन गरिनेछ ।

१२. कार्य सम्पन्न

कार्यालयको सहयोगमा ठेक्का सम्झौता वमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न गर्ने दायित्व ठेकेदारको हुनेछ। ठेक्का सम्झौता वमोजिम ठेक्का सञ्चालन गरि कार्य सम्पन्न भएमा कार्यालय बाट कार्य सम्पन्न प्रमाणपत्र नियमानुसार ठेकेदारलाई प्रदान गर्नेछ ।

१३. शुल्क दर

यस ठेक्का बमोजिम शुल्क उठाउने कार्यको दर भ्याट बाहेकको देहाय बमोजिम उठाउनु पर्नेछ ।

क्र.सं.	नदि जन्य सामग्रीको किसिम	करको दर (भ्याटबाहेक)	
		प्रति घन फिट रु.	प्रति घन मिटर रु.
१	ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी	६ (छ)	रु.२११।८९ (दुइ सय एघार रुपैयाँ उनानब्बे)

प्रमुख प्रशासकिय अधिकृत

१४. चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४उत्खनन/संकलन स्थलको जी.पी.एस. कोर्डिनेट

गौरीगङ्गा-०१

स्थान	पुर्व	पश्चिम	उत्तर	दक्षिण	उत्खनन् गर्न सकिने बार्षिक परिणाम	कैफियत
गौरीगङ्गा-०१, (गौरीगंगा नदी १)लठैया	28°46'27.82"N 80°45'42.09"E	28°46'27.49"N 80°45'40.62"E	28°46'30.75"N 80°45'40.71"E	28°46'24.76"N 80°45'42.34"E	४९८८	०.९ मि. देखि १.१ मि. सम्म गहिराइ
गौरीगङ्गा-०१, (गौरीगंगा नदी १)सिरुपाते १	28°47'26.14"N 80°45'56.76"E	28°47'25.57"N 80°45'55.56"E	28°47'29.52"N 80°45'54.92"E	28°47'21.87"N 80°45'57.31"E	6129.9	०.९ मि. देखि १.२ मि. सम्म गहिराइ
गौरीगङ्गा-०१, (गौरीगङ्गा नदी १) सिरुपाते २	28°47'59.83"N 80°46'6.50"E	28°48'0.19"N 80°46'5.22"E	28°48'4.58"N 80°46'7.87"E	28°47'56.20"N 80°46'4.15"E	7129.5	०.९ मि. देखि १.२ मि. सम्म गहिराइ
जम्मा					१८२४६.९	

गौरीगङ्गा-०4

स्थान	पुर्व	पश्चिम	उत्तर	दक्षिण	उत्खनन् गर्न सकिने बार्षिक परिणाम	कैफियत
गौरीगङ्गा-०४, (गौरीगंगा नदी २) राजिपुर	28°48'6.58"N 80°47'36.30"E	28°48'6.87"N 80°47'35.93"E	28°48'7.98"N 80°47'36.85"E	28°48'5.61"N 80°47'35.31"E	786.8	०.८ मि. देखि १ मि. सम्म गहिराइ
गौरीगङ्गा-०४, (गौरीगंगा नदी २) खुरखुट्टे १	28°46'39.90"N 80°46'40.91"E	28°46'39.55"N 80°46'40.36"E	28°46'40.75"N 80°46'39.84"E	28°46'39.07"N 80°46'42.01"E	869.4	०.८ मि. देखि १ मि. सम्म गहिराइ
गौरीगङ्गा-०४, (गौरीगंगा नदी २) खुरखुट्टे २	28°46'36.68"N 80°46'42.32"E	28°46'36.81"N 80°46'41.13"E	28°46'37.88"N 80°46'42.17"E	28°46'35.34"N 80°46'40.55"E	1463.7	०.८ मि. देखि १ मि. सम्म गहिराइ

गौरीगङ्गा-०४, (गौरीगंगा नदी २) खुरखुट्टे ३	28°46'25.86"N 80°46'44.47"E	28°46'25.73"N 80°46'43.71"E	28°46'28.03"N 80°46'42.49"E	28°46'23.23"N 80°46'45.50"E	2295.3	०.९ मि. देखि १.१ मि. सम्म गहिराइ
गौरीगङ्गा-०४, (गौरीगंगा नदी २) बुढाउत्तर	28°46'26.55"N 80°46'33.80"E	28°46'25.38"N 80°46'31.75"E	28°46'29.36"N 80°46'30.62"E	28°46'22.13"N 80°46'30.95"E	6901.3	०.९ मि. देखि १.१ मि. सम्म गहिराइ
जम्मा					१२३१६.५	

चौमाला नदी

स्थान	पुर्व	पश्चिम	उत्तर	दक्षिण	उत्खनन् गर्न सकिने बार्षिक परिणाम	कैफियत
गौरीगङ्गा-०१, चौमाला नदी A	28°47'27.08"N 80°45'22.45"E	28°47'27.16"N 80°45'21.61"E	28°47'28.17"N 80°45'22.89"E	28°47'25.74"N 80°45'21.74"E	1346.8	०.९ मि. देखि १.१ मि. सम्म गहिराइ
गौरीगङ्गा-०१, चौमाला नदी B	28°47'19.54"N 80°45'20.61"E	28°47'19.56"N 80°45'19.73"E	28°47'21.13"N 80°45'20.38"E	28°47'17.70"N 80°45'20.31"E	1894.2	०.९ मि. देखि १.१ मि. सम्म गहिराइ
जम्मा					३२४१.	
जम्मा					**३३८०४.४०**	

नोटः श्रोत- प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (Initial Environmental Examination) अनुसार

१५. <u>उत्खनन/संकलन गर्न मिल्ने नदीजन्य पदार्थ उत्खनन् ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदीको परिमाण</u>

शिवगंगा नदी			
क्र. सं.	**साइट क्षेत्र**	**दिगोरूपले सङ्कलन गर्न मिल्ने परिमाण (घ.मि.)**	**कैफियत**
1	**चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४"**	**३३८०४.४ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)**	

नोटः श्रोत- प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (Initial Environmental Examination) अनुसार

प्रमुख प्रशासकीय अधिकृत

१६. बोलपत्र फाराम

मिति.....

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौरीगंगा नगर कार्यपालिकाको कार्यालय,
चौमाला कैलाली,

बिषयः बोलपत्र फारम पेश गर्ने सम्वन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८३/०८/०४ मा प्रकाशित सूचना र बोलपत्र फारामको शर्त अनुसार काम गर्ने गरि आ.व. २०८३।०८४ को तोकिएको अवधिका लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा गौरीगंगा नगरपालिका **"गौरीगंगा नगरपालिका, चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४ नदीहरुबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन"** को प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन ठेक्काको लागि तपशिल वमोजिमको रकम कबोल गरेको छु ।

तपशिल

ठेक्का नं.	ठेक्काको विवरण	उत्खनन गर्न मिल्ने परिमाण (घन मिटर)	न्युनतम कबोल अंक (भ्याट बाहेक) रु.	कबोल अंक (भ्याट बाहेक रु.)	
				अंकमा रु.	अक्षरमा रु.
GGM/NCB/IR02/2083/084	गौरीगंगा नगरपालिका चौमाला नदी, गौरीगंगा नदी- १ र गौरीगंगा नदी- ४ बाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन	३३८०४.४ (सम्झौता मिति देखि २०८४ जेष्ठ मसान्त सम्म)	रू. ७१,६२,८१४.३२/-		

ठेक्काका शर्तहरु अध्ययन गरि उल्लेखित शर्तपालना गर्ने मन्जुरीका साथ माथी उल्लेखित व्यहोरा वमोजिम रकम कवोल गरि बोलपत्र पेश गरेको छु ।

प्रमुख प्रशासकिय अधिकृत

<u>बोलपत्रदाताको विवरण</u>

आधिकारिक व्यक्तिको नाम

फर्मको नामः-

मितिः-

ठेगानाः-

दस्तखतः-

सम्पर्क नंः-

फर्मको छापः-

इमेल ठेगानाः-